आज मिति २०७९।०९।१४ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वांसे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | संदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य-सचिव |

<u>निर्णयहरु :</u>

**निर्णय नं. १:नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृती सम्वन्धमा ।**

आ.व.२०७९।०८० र २०८०।८१ मा शिवराज नगरपालिका क्षेत्रभित्र पर्ने खोलाहरु(सुरही,चिराई,भक्रम,चोर,सुकवेल,बहवेल,गंगटे र मैनारी) को नदीजन्य पदार्थ व्यवस्थापन गर्न सेवा परामर्शको माध्यमद्धारा तयार गरिएको उल्लेखित खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन तथा कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो । साथै IEE प्रतिवेदनमा भएको परिमाणको आधारमा सवै खोलाहरुबाट आ.व.२०८०।०८१ मा ढुङ्गा,गिट्टी,बालुवा लगायत नदीजन्य पदार्थ उत्खनन्,संकलन र विक्रि वितरण गर्न आय ठेक्का आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. २: १२ औं नगरसभाको मिति,समय र स्थान तोक्ने सम्वन्धमा ।**
यस नगरपालिकाको आगामी १२ औं नगरसभा तपसिलको मिति,समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

<u>तपसिल</u> :
मिति : २०७९।०९।२८ गते बिहिबार
समय : दिउँसो १२ बजे देखि
स्थानः ५ नं. वडा कार्यालयको सभाहल,चन्द्रौटा ।

**निर्णय नं. ३:हिउँदे नगरसभाबाट छनौट हुने योजना/कार्यक्रमको लागी बजेट सिमा निर्धारण सम्वन्धमा ।**
शिवराज नगपालिकाको आन्तरिक आम्दानीबाट प्राप्त राजश्व श्रोतको रकमबाट यस पालिकाको आगामी १२ औं नगरसभा ले छनौट गर्ने नयाँ योजना तथा कार्यक्रमको लागी श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट तय भई आएको देहायबमोजिमको बजेट सिमालाई अनुमोदन गर्ने निर्णय गरियो । साथै निर्धारित बजेट सिमा भित्र रही प्राथमिकता क्रमको आधारमा आयोजना तथा कार्यक्रम छनौटको लागी वडा कार्यालय र विषयगत शाखाहरुलाई सिमा र मार्गदर्शन प्रदान गर्ने निर्णय गरियो ।

<u>बजेट सिमा</u>

क. वडा स्तरिय भौतिक पूर्वाधार योजना योजना- रु. ५५ लाख (प्रति वडा रु.५ लाखका दरले)
ख. नगर स्तरिय योजना/कार्यक्रम-५० लाख
ग.कार्यालय सञ्चालन तथा प्रशासनीक खर्च तर्फ : ९५ लाख
- पारिश्रमिक कर्मचारी- रु. २५ लाख थप
- ईन्धन- रु. २० लाख थप
- पानी बिजुली- रु. १० लाख थप
- भू-उपयोग योजना निर्माण- रु.१५ लाख

निर्णय प्रमाणित
राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

विविध खर्च(राष्ट्रिय परिचय पत्र कार्यक्रमको भुक्तानीको सोधभर्ना)- रु. २० लाख थप

दिगो विकासको स्थानीयकरण- रु. ५ लाख(नयाँ कार्यक्रम)

जम्मा- रु. २ करोड

निर्णय नं.४: कार्यविधि सम्वन्धमा ।

सुशासन तथा संस्थागत विकास समितिबाट पारित भई आएका निम्न कार्यविधिहरु स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

क. मेयर रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०७९

निर्णय नं. ५: आ.व.०८०।०८१ को आय व्यय प्रक्षेपण सम्वन्धमा ।

अन्तर सरकारी वित्त व्यावस्थापन ऐन,२०७४ को दफा १८ को प्रावधान अनुसार स्थानीय तहले प्रत्येक वर्षको पौष मसान्त भित्र आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान/प्रक्षेपण गरी संघीय अर्थ मन्त्रालय र राष्ट्रीय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने कानूनी प्रावधान रहेकोमा आगामी आ.व. २०८०/०८१ मा यस नगरपालिकाको आय-व्यय देहाय वमोजिमको अनुमान/प्रक्षेपण गरी सम्वन्धित निकायमा पठाउने निर्णय गरियो ।

आ व २०८०।०८१ को आय व्ययको प्रक्षेपण

| | | आय शिर्षक | आय अनुमान | व्यय क्षेत्र | व्यय शीर्षक | व्यय अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | सरकार | स्रोत | रकम | आर्थिक विकास | | **38200000** | |
| | | समानिकरण अनुदान | 200000000 | 1 | कृषि | 12000000 | |
| | | विशेष अनुदान | 15000000 | 2 | उद्योग | 1000000 | |
| | | समपुरक अनुदान | 20000000 | 3 | पर्यटन | 4500000 | |
| १ | सँघीय सरकार | सर्शत अनुदान | 344100000 | 4 | सहकारी | 1500000 | |
| | | जम्मा | **579100000** | 5 | वित्तिय क्षेत्र | 500000 | |
| | | समानिकरण अनुदान | 11000000 | 6 | जलस्रोत तथा सिँचाही | 5100000 | |
| | | शर्सत अनुदान | 15000000 | 7 | पशुपँक्षि विकास | 10000000 | |
| | | विशेष अनुदान | 7000000 | 8 | भुमि व्यावस्था | 2500000 | |
| २ | प्रदेश सरकार | समपुरक अनुदान | 20000000 | 9 | वाणिज्य | 900000 | |

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

आलोक थापा
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | **53000000** | 10 | आपुर्ति | 200000 | |
| ३ | सँघीय सरकार | राजश्व बाँडफाँड | 160000000 | | | | |
| ४ | प्रदेश सरकार | राजश्व बाँडफाँड | 30000000 | | | | |
| ५ | सँघीय सरकार | घरजग्गा रजिष्ट्रेशन | 30000000 | **सामाजिक विकास** | | **639300000** | |
| ६ | स्थानिय सरकार | नदीजन्य पदार्थ | 40000000 | 1 | सामाजिक न्याय तथा सँरक्षण | 5000000 | |
| ७ | स्थानिय सरकार | विज्ञापन मनोरञ्जन | 1000000 | 2 | सामाजिक सुरक्षा | 295000000 | |
| | | जम्मा | **261000000** | 3 | युवा तथा खेलकुद | 9500000 | |
| ८ | स्थानिय सरकार | अन्तर स्थानीय तह | 5000000 | 4 | खानेपानी तथा सरसफाइ | 9000000 | |
| ९ | स्थानिय सरकार | लागत साझेदारी | 5630000 | 5 | भाषा तथा संस्कृति | 6500000 | |
| | | **जम्मा** | **10630000** | 6 | शिक्षा | 231800000 | |
| १० | स्थानिय सरकार | नगद मौज्दात अल्या | 20000000 | 7 | स्वास्थ्य | 67500000 | |
| | 1 | एकिकृत सम्पतिकर | 3000000 | 8 | लैङ्गिक समानता तथा समाजिक समावेशिकरण | 10000000 | |
| | 2 | मालपोत भुमिकर | 2500000 | | आयुर्वेदिक | 5000000 | |
| | 3 | घरवहाल कर | 500000 | पूर्वाधार विकास | | **388400000** | |
| | 4 | वहाल बिटौरि कर | 1700000 | 1 | यातायात पुर्वाधार | 270000000 | |
| | 5 | व्यावसायले भुक्तानि गर्ने | 1500000 | 2 | भवन आवास शहरी विकास | 100000000 | |
| | 6 | सरकारी सम्पत्तिको वहाल बाट प्राप्त आय | 2200000 | 3 | उर्जा | 2000000 | |
| | 7 | सरकारी सम्पत्तिको विक्रि बाट प्राप्त आय | 1000000 | 4 | सँचार तथा सुचना प्रविधि | 1200000 | |
| | 8 | वनवाट प्राप्त रोयल्टी | 700000 | 5 | विज्ञान तथा प्रविधि | 5200000 | |

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

थापा
नगर प्रमुख

**निर्णय नं.६: दलित बस्ती छनौट सम्वन्धमा ।**

जिल्ला समन्वय समितिको कार्यालय तौलिहवा,कपिलवस्तुको च.नं.१४१,मिति २०७९।०८।२७ को प्राप्त पत्रानुसार जिल्लाको उपयुक्त स्थानमा पूर्वाधार सहितको दलित आवास व्यवस्था कार्यक्रम कार्यान्वयनको लागी प्राथमिकता क्रमको आधारमा यस पालिका अन्तर्गत अति नै दयनीय अवस्थामा जिवन निर्वाह गरीरहेको एक दलित बस्ती एकिन गरी पठाईदिन अनुरोध भई आएकोमा उक्त कार्यक्रमको लागी यस नगरपालिकाको वडा नं.३ को मदवा शान्तीटोल दलित बस्ती छनौट गरी कार्यक्रम कार्यान्वयनको लागी सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७ :स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को नतिजा सम्वन्धमा ।**

यस पालिकाको आ.व.२०७८।०७९ को संस्थागत क्षमता स्व-मूल्याङ्कनबाट विभिन्न १० वटा सूचकहरुमा रही यस पालिकाले प्राप्त गरेको जम्मा ६२.७५ % अङ्कमा छलफल गरी उक्त प्राप्ताङ्क अनुमोदन गर्ने निर्णय गरियो ।साथै उल्लेखित प्राप्ताङ्क जिल्ला समन्वय समिति कपिलवस्तु लगायत सम्वन्धित निकायहरुमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.८: औषधि उपचार खर्च सहयोग भुक्तानी दिईएको रकम अनुमोदन सम्वन्धमा ।**

शिवराज नगरपालिका वडा नं.११ को च.नं.५३५,मिति २०७९।०८।१९ को पत्रानुसार उक्त वडा अन्तर्गत बसोबास गर्ने प्रेम सोनारको छोरा नरेन्द्र सोनारको मुखमा घाउ भई उपचारको क्रममा क्यान्सर रोग पहिचान भएको र निजको वि.पि.कोईराला क्यान्सर अस्पताल भरतपुर चितवनमा उपचार र शल्यक्रिया भईरहेको तथा निजको औषधि उपचारको लागी घरको आर्थिक अवस्था अत्यन्तै दयनिय रहेकोले औषधि उपचार सहयोग गरिदिन अनुरोध भई आएकोमा श्रीमान् नगर प्रमुखज्यूको आदेशानुसार निजको औषधि उपचारको लागी कार्यपालिका वैठकबाट अनुमोदन गर्ने गरी विपद व्यवस्थापन कोषबाट रु.१५,०००।उपचार सहयोग दिईएकोमा उक्त खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९: वडा नं. १० का ताल, पोखरी र गडहा ठेक्का विवाद सम्वन्धमा ।**

शिवराज नगरपालिका वडा नं.१० भित्र पर्ने ताल,पोखरी,गडहाको साविक लालपुर गा.वि.स.ले १० वर्षको लागी आय ठेक्कामा दिएकोमा उक्त ठेक्काको किस्ता वापतको रकम ठेक्का लिने पक्षले समयमा दाखिला नगरेको भनि सम्वन्धित वडा कार्यालयबाट उल्लेखित ठेक्का बदर गर्न अनुरोध भई आएकोमा उक्त ठेक्का सम्वन्धि स्थलगत सत्यतथ्य जाँचबुझ गरी १ हप्ता भित्र प्रतिवेदन दिन आर्थिक विकास समितिलाई जिम्मा दिने निर्णय गरियो साथै उक्त कार्यको लागी आर्थिक विकास समितिमा राजश्व उप-शाखा प्रमुख श्री विपिन खनाललाई समेत आमन्त्रीत सदस्यको रुपमा राख्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख